**मिति २०७५/०६/२८ गतेको कार्यपालिका बैठकको निर्णय**

**निर्णय नं १**

वीरेन्द्रनगर नगरकार्यपालिकाको मिति २०७५ असोज १९ गतेको निर्णय बमोजिम स्वीकृत नदिजन्य पदार्थको संकलन तथा विक्री वितरण सम्वन्धि कार्यविधि २०७५ को दफा ६ को सट्टा देहाय बमोजिम राखी संशोधन गर्ने ।

निम्न

क. झुप्रा खोलामा वर्षौ देखि परम्परागत रुपमा मानिसहरु द्धरा उत्खनन गरी संकलन एवं घाटगद्धी गर्दै आएका नदिजन्य पदार्थलाई अनुसुचि १ मा तोकिएको राजश्व लिई निकासी गर्न अनुमति दिने ।

**निर्णय नं २**

वी न न पा  वडा नं १ मा गत आ.व २०७४/७५ मा संचालित ल्याण्डफिल साईट निर्माण गर्ने कामको निर्माण गर्ने क्रममा Hard Rock Cutting गर्नु पर्ने भएको र सो आईटम BOQ मा नरहेको र तत्काल उक्त कार्य नहुदा नगरपालिका क्षेत्र भित्रको फोहर ल्याण्डफिल साईट सम्म ढुवानी गर्न नसकीने भई तत्काल उक्त कार्य गरीएको सम्बन्धमा आयोजना जाचपास तथा फरफारक समिति बाट समेत उक्त कार्यको समर्थन गर्दै न पा बोर्ड बैठकमा पेश गर्न सीफारीस भएको हुदा उक्त कार्यमा खर्च भएको रु ४४००५८.३९ चालु आ व का लागी स्वीकृत ल्याण्डफिल निर्माण शिर्षक बाट खर्च लेख्ने गरी भुक्तानि दिने ।

**निर्णय नं ३**

वी न पा २ फलाटे देखि रानिघाट सम्मको सडक ल.ई गरी कार्यालयको साधन स्रोत प्रयोग गरी मर्मत गर्ने

**निर्णय नं ४**

यस कार्यालयमा रहेको जे सि भि संचालन गर्ने सवारी चालक नभएको, दरबन्दी समेत नभएको तर सवारी चालक नभएको अबस्थामा नगर भित्रका निर्माण कार्य गर्न कठिनाई भएको ले सेवा करार बाट उक्त सेवा लिने ।